लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. : ५७६

मिति: २०८३।०७।१० गते।
ने.सं. ११४६

प्रेस विज्ञप्ति

गेष्ट हाउसबाट लागु औषध कारोवार, ३४ ग्राम खैरो हेरोईन र नगद रु. ५,८०,०००।- सहित ४ जना पक्राउ।

लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०७।०७ गते जिल्ला काठमाण्डौ काठमाण्डौ महानगरपालिका वडा नं. ९ तिलगंगा स्थित गेष्ट हाउसमा कोठा वुक गरी बसी सोही गेष्ट हाउसबाट लागु औषध खैरो हेरोईन बिक्री गर्दै आएको अवस्थामा लागु औषध खैरो हेरोईन र नगद सहित निम्न नामथर ठेगाना भएका ४ जना मानिसहरु पक्राउ गरि थप अनुसन्धान भई रहेको।

निम्न:-

पक्राउ प्रतिवादीहरुको विरण :

१. जिल्ला सिराहा कल्याणपुर नगरपालिका वडा नं. २ ठेगाना भएका वर्ष २० को भरोष मुखिया
२. ऐ.ऐ. ठेगाना भएका वर्ष २६ को धनिकलाल मुखिया
३. ऐ.ऐ. ठेगाना भएका वर्ष २६ को पवन मुखिया
४. ऐ.ऐ. ठेगाना भएका वर्ष ३६ को महमद सजाबुल शेष

बरामद दशी (सामान) को विबरण :

१. लागु औषध खैरो हेरोईन ३४ ग्राम
२. नगद रु. ५,८०,०००।-

नोट:- लागु औषध (नियन्त्रण) ऐन २०३३ मा भएको सजाय सम्बन्धी प्रावधान अनुसार बरामद लागु औषध खैरो हेरोईन ३४ ग्राम उपर १० देखि १५ सम्म कैद र ७५ हजार देखि २ लाख सम्म जरिवाना हुने कानूनी प्रावधान रहेको ब्यहोरा समेत सुचित गरिन्छ।

सह-प्रवक्ता
(जिवन निरौला)
प्रहरी नायव उपरीक्षक